# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, बैशाख २५ गते, २०८२ साल (सङ्ख्या ०१

## भाग ३

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको सूचना

**<u>शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०८२</u>**

<u>प्रस्तावना:</u> स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि भाषा शिक्षण, तालिम, पूर्व तयारी कक्षा तथा परामर्श सेवा र सो वापत विद्यार्थीसँग लिने शुल्क तथा ती संस्थाबाट विद्यार्थीलाई प्रदान गरिने सेवा तथा सुविधा

समेतलाई व्यवस्थित, सरलीकृत गरी अनुमति प्रदान गर्न र उक्त कार्यमा संलग्न विभिन्न निकायहरूको भूमिका स्पष्ट गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "पूर्व तयारी कक्षा" भन्नाले TOEFL, IELTS, SAT, GRE, JLPT, GMAT लगायतका परीक्षाको लागि तयारी गरिने कक्षा सम्झनु पर्छ । सो शब्दले ब्रिज कोर्श, कोचिङ्ग र ट्युशन (अतिरिक्त शिक्षण) कक्षा तथा विभिन्न सरकारी र गैर सरकारी क्षेत्रका प्रतियोगितात्मक परीक्षाको तयारी गराउने कक्षा समेतलाई जनाउँछ ।

(ख) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(घ) "भाषा शिक्षण" भन्नाले भाषा शिक्षण गर्ने संस्था, कोचिङ्ग वा ट्युशन (अतिरिक्त शिक्षण) कक्षामा अध्ययन, अध्यापन गराईने स्वदेशी वा विदेशी भाषा शिक्षण सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(च) "विद्यार्थी" भन्नाले शैक्षिक परामर्श सेवा प्राप्त गर्ने वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्छ ।

(छ) "शिक्षा मन्त्रालय" नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "शैक्षिक परामर्श सेवा" भन्नाले स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई विषय, तह र शिक्षण संस्था छनौट गर्ने, शिक्षण संस्थामा प्रवेशका लागि तयारी गर्ने वा परामर्श प्रदान गर्ने सेवा सम्झनु पर्छ ।

(झ) "शैक्षिक संस्था" भन्नाले प्रदेश, नेपाल वा विदेशमा प्रचलित कानून बमोजिम स्थापना भएका विद्यालय, महाविद्यालय, विश्वविद्यालय सम्झनु पर्छ । सो शब्दले तालिम केन्द्र र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था समेतलाई जनाउँछ ।

(ञ) "सेवा" भन्नाले शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने संस्थाले दिने सेवा सम्झनु पर्छ ।

(ट) "संस्था" शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद- दुई

## अनुमति सम्बन्धी व्यवस्था

३. **अनुमति लिनुपर्नेः** (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका कम्पनीले यो निर्देशिका बमोजिम अनुमति नलिई संस्था सञ्चालन गर्न हुँदैन।

(२) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले सञ्चालन अनुमति लिनुपर्नेछ ।

(३) अनुमतिका लागि निवेदन दिने संस्थाले अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(४) मन्त्रालयले अनुमति तथा नवीकरणका लागि अनलाइन मार्फत् निवेदन दिन सक्ने व्यवस्था गर्न सक्नेछ ।

(५) अनुमति पत्रका लागि शुल्क तथा नवीकरण शुल्क अनुसूची - २ बमोजिम बुझाउनु पर्नेछ । यो निर्देशिका जारी हुनु पूर्व सञ्चालनमा रहेका शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने

संस्थाले यो निर्देशिका जारी भएको मितिले छ महिना भित्र सेवा सञ्चालन गर्न अनुमति लिनु पर्नेछ।

४. **अनुमति पत्र दिन सक्नेः** (१) कुनै संस्थाले पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त संस्थाको माग बमोजिमको सेवा सञ्चालन गर्न सक्षम छ भन्ने देखिएमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्था सञ्चालन गर्न निर्धारित शुल्क लिई अनुसूची - ३ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिन भित्र संस्था नवीकरण गर्नुपर्नेछ । नवीकरणका लागि देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछः-

(क) गत आर्थिक वर्षको प्रगति विवरण,

(ख) गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(ग) संस्थाले प्रदान गर्ने सेवा, कार्य प्रक्रिया र लागतको विवरण,

(घ) संस्था दर्ता प्रमाणपत्र,

(ङ) कर चुक्ता प्रमाण पत्र,

(च) कम्पनी अद्यावधिक भएको प्रमाण,

(छ) गत आर्थिक वर्षमा सेवा परामर्श उपलब्ध गराए वापत संस्थाले प्राप्त गरेको शुल्क विवरण ।

(३) उपदफा (२) मा उल्लिखित अवधि भित्र नवीकरण गर्न नसकेमा सोको कारण खुलाई निवेदन पेश गरेमा सोही आर्थिक वर्षको बाँकी अवधिको लागि शत प्रतिशत र सो पश्चात् प्रत्येक वर्षको लागि दुइ सय प्रतिशत थप दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

तर, आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन पेश गर्न नसकी सम्बन्धित कर कार्यालयबाट म्याद थप भएको पुष्टि हुने कागजात पेश गरेमा सो अवधिभर यस उपदफा बमोजिम थप दस्तुर लाग्ने छैन ।

(४) उपदफा (२) बमोजिम आवेदनका साथ पेश भएको कागजातको आधिकारिकता प्रमाणित गर्ने जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ।

५. **<u>सेवा सञ्चालन गर्ने स्वीकृति दिन नसकिने:</u>** (१) मन्त्रालयले देहायको अवस्थामा सेवा सञ्चालन गर्ने स्वीकृति दिन इन्कार गर्न सक्नेछः

(क) विदेशी नागरिक सञ्चालक भएमा,

(ख) विदेशी कम्पनीको फ्रेञ्चाइज भएमा,

(ग) कम्पनीका सञ्चालकले फौजदारी अभियोगमा सजाय पाएमा वा दामासाहीमा परेमा,

(घ) कम्पनीका सञ्चालक कारवाहीमा परी दोस्रो कम्पनी दर्ता गरी सञ्चालन गरेको पाइएमा,

(ङ) प्रचलित कानूनको उल्लङ्घन गरी कारवाहीमा परेमा ।

(२) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) को हकमा निवेदकले स्वयम् घोषणा गर्नु पर्नेछ । सो घोषणालाई मन्त्रालयले आधार मान्नेछ । गलत घोषणा गरेमा निवेदक स्वयम् जिम्मेवार हुनु पर्नेछ ।

६. **<u>अनुमति पत्र रद्द गर्न सक्ने अवस्था:</u>** (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने कुनै पनि संस्थाको अनुमति देहायका अवस्थामा रद्द हुनेछः-

(क) सम्बन्धित संस्थाले नै अनुमति पत्र रद्द गरी पाऊँ भनी निवेदन दिएमा,

(ख) दफा ८ को उपदफा (१) बमोजिमका शर्तहरू उल्लङ्घन गरेमा,

(ग) बदनियतपूर्ण तवरबाट सेवा प्रदान गरेको वा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(घ) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित शुल्क भन्दा बढी लिइएको प्रमाणित भएमा,

(ङ) संस्थाको दर्ता खारेज भएमा,

(च) सञ्चालन गर्ने संस्था विघटन भएमा,

(छ) संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी लिक्विडेसन भएको प्रमाणित भएमा,

(ज) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले मन्त्रालयको नीति एवम् प्रचलित कानून बमोजिम दिएको निर्देशनहरूको उल्लङ्घन गरेको पाइएमा,

(झ) लगातार तीन आर्थिक वर्षसम्म संस्था नवीकरण नगरेमा,

(ञ) दफा (५) को उपदफा (२) बमोजिम गरेको स्वघोषणा गलत भएको प्रमाणित भएमा ।

(२) मन्त्रालयले प्रचलित ऐन, नियम र यस निर्देशिका अनुसार संस्था सञ्चालन नभएको प्रमाणित भएमा सो संस्थाको अनुमति रद्द गर्नेछ ।

तर, त्यसरी अनुमति रद्द गर्नु अघि सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद - तीन

## संस्थाको पूर्वाधार र मापदण्ड सम्बन्धी व्यवस्था

७. **संस्थाले पालना गर्नुपर्ने शर्तहरूः** (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले देहायका शर्तहरू पालना गर्नुपर्नेछः

(क) संस्थाको लागि छुट्टै कार्यालयको व्यवस्था हुनुपर्ने,

(ख) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल,वेभसाइट समेत स्पष्ट खुलेको हुनुपर्ने,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्ने,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्ने,

(ङ) नेपाली नागरिक बाहेक अरुलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रुपमा काम गराउनु पर्ने भए सोको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनुपर्ने,

(च) सेवा शुल्क पूर्ण रुपमा पारदर्शी हुनुपर्ने,

(छ) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्ने,

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिन र प्रकाशन एवम् प्रसारण नगर्ने,

(झ) अनुमति प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ञ) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थामा मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ट) संस्थाको स्थायी लेखा नम्बर प्रमाण पत्र, संस्था दर्ता प्रमाण पत्र, संस्थाबाट गरिने सेवा, कार्य प्रक्रिया र लागत समेतको विवरण खुलाई सबैकले स्पष्ट रूपमा देख्ने गरी कार्यालयमा राख्नुपर्ने,

(ठ) संस्थाले सेवा सञ्चालन अनुमति प्राप्त गर्न धरौटी रकम अनुसूची - २ बमोजिम बुझाउनु पर्ने,

(ड) अनुमति वापत प्राप्त धरौटी वापतको रकम सो संस्था आधिकारिक रूपमा बन्द भएमा सोको प्रमाण मन्त्रालयमा पेश गरेपछि नियमानुसार फिर्ता गरिने,

(ढ) भाषा शिक्षणका लागि विदेशी विद्यार्थी भर्ना गर्नुपरेमा सङ्घीय कानून बमोजिम पूर्व स्वीकृति लिनुपर्ने ।

(२) शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थाले अध्ययनका लागि विदेशी शिक्षण संस्थामा पठाउँदा विद्यार्थी वा अभिभावकसँग निम्नलिखित विवरण खुलाई सम्झौता गर्नु पर्नेछः-

(क) शिक्षण संस्थाको नाम, विषय र तह खुलेको विवरण,

(ख) शुल्क वा वार्षिक खर्च सम्बन्धी विवरण,

(ग) विद्यार्थीहरूले पेश गर्नुपर्ने कागजातहरू,

(घ) सेवा शुल्क एवम् थप अन्य केही भए सो समेत खुल्ने विवरण ।

(३) संस्थाले आफ्नो सेवा सम्बन्धी प्रचार प्रसार गर्दा देहायका शर्तहरू पालना गर्नुपर्नेछः-

(क) परामर्श वा प्रशिक्षण प्रदान गर्ने देश, विश्वविद्यालय, कलेज, विषय, अवधि, उपाधि, लागत, मान्यता, स्तर निर्धारण आदि स्पष्ट खुलाउनु पर्ने,

(ख) आफ्नो प्रचार सामाग्रीमा संस्थाको दर्ता नम्बर, अनुमति नम्बर र सम्पर्क नम्बर र ठेगाना स्पष्ट खुलेको हुनुपर्ने,

(ग) स्वदेशी तथा विदेशी अध्ययन संस्थाले अध्ययन सम्बन्धी शैक्षिक परामर्श प्रदान गर्न शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्दा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट पूर्व स्वीकृति लिनुपर्ने ।

(४) शैक्षिक परामर्श सम्बन्धी मेला वा प्रदर्शनी आयोजनाका लागि देहायका कागजात संलग्न गरी मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय समक्ष स्वीकृतिका लागि निवेदन दिनुपर्नेछः-

(क) मेला वा प्रदर्शनी आयोजना कार्यक्रमको विस्तृत विवरण,

(ख) मेला वा प्रदर्शनीमा सामेल शिक्षण संस्था, विषय, तह, लागत, उपाधिको मान्यता र समकक्षता बारेको विस्तृत विवरण,

(ग) मेला वा प्रदर्शनी आयोजनाका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रदान गरेको इजाजतपत्र,

(घ) संस्था दर्ता/अद्यावधिक नवीकरणको प्रमाण-पत्रको प्रतिलिपि,

(ङ) विदेशी आयोजक भए सम्बन्धित देशको कूटनीतिक निकायको सिफारिस पत्र वा शिक्षा मन्त्रालयको सहमति ।

(५) उपदफा (४) बमोजिम पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त मेला वा प्रदर्शनी आयोजना गर्न उचित छ भन्ने देखिएमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अनुमति दिन सक्नेछ ।

८. **विद्यार्थीले पालना गर्नुपर्ने कुराहरू:** विद्यार्थीहरूले शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण लिनका लागि देहायका कुराहरू पालना गर्नुपर्नेछः-

(क) आफूले परामर्श पूर्व तयारी कक्षा वा भाषा शिक्षण लिन चाहेको संस्थाको वैधानिकता सुनिश्चित गर्नुपर्ने,

(ख) शैक्षिक परामर्शदाता वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षकको योग्यताको सुनिश्चित हुनुपर्ने,

(ग) आफ्ना प्रमाणपत्रहरू तथा आफूसँग सम्बन्धित यथार्थ विवरणहरू पेश गर्नुपर्ने,

(घ) आफूले परामर्श लिन चाहेको देश, विश्वविद्यालय, कलेज, विषय, अवधि, उपाधि, उपाधिस्तर निर्धारण, उपाधि समकक्षता, लागत (धरौटी, आवेदन शुल्क, प्रवेश शुल्क, धरौटी फिर्ता प्रक्रिया, आवास खर्च, निर्वाह खर्च, निशुल्क वृत्ति आदि) स्पष्ट खुलाइएको लिखित सम्झौता गर्नुपर्ने,

(ङ) सम्झौता बमोजिमको लागत बहन गर्नुपर्ने ।

९. **परामर्शदाताको योग्यता:** शैक्षिक परामर्श सेवा प्रदान गर्ने परामर्शदाताको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) देहायको कुनै एक निकायबाट शैक्षिक परामर्श सम्बन्धी तालिम लिएकोः-

(१) शिक्षा मन्त्रालय वा अन्तरगतका निकायबाट,

(२) मन्त्रालय वा अन्तर्गतको निकायबाट,

(३) विश्वविद्यालय वा महाविद्यालय वा मान्यता प्राप्त तालिम प्रदायक संस्था वा कूटनीतिक निकायबाट,

(४) शिक्षा मन्त्रालय वा मन्त्रालयबाट शैक्षिक परामर्श तालिम सञ्चालन गर्न अनुमति प्राप्त संघ/संस्थाबाट ।

(ग) विदेशी संस्थाबाट तालिम लिएकोमा शिक्षा मन्त्रालय वा अन्तर्गतका निकायबाट सो तालिम समकक्षी भएको व्यहोरा खुलेको सिफारिस हुनु पर्नेछ ।

१०. **प्रशिक्षकको योग्यता:** (१) पूर्व तयारी कक्षा वा भाषा शिक्षण गर्ने प्रशिक्षकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः

(क) कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण वा सम्बन्धित भाषाको कम्तीमा एक वर्षे तालिम लिएको वा उक्त भाषाको कम्तीमा डिप्लोमा लेभल (Diploma Level) वा लेवल थ्री वा सो सरह उत्तीर्ण गरेको,

(ख) TOEFL, IELTS, SAT, JLPT अध्यापनका लागि स्नातक तह उत्तीर्ण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको,

(ग) GRE, GMAT अध्यापनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन गर्ने विषयमा न्यूनतम् ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको ।

(२) यस भन्दा अगाडि अनुमति लिई सञ्चालनमा रहेका संस्थाले समेत उपदफा (१) खण्ड (क) र (ख) बमोजिमको प्रावधान यो निर्देशिका लागू भएको १ वर्ष भित्र पालना गरिसक्नु पर्नेछ ।

११. **पाठ्यक्रमः** विदेशी भाषा शिक्षणका लागि आधिकारिक निकायबाट स्वीकृत पाठ्यक्रम वा विश्व भाषा क्याम्पसको पाठ्यक्रम अध्यापन गर्नुपर्नेछ ।

## परिच्छेद - चार

## लेखा परीक्षण निरीक्षण अनुगमन र मूल्याङ्कन

१२. **लेखा परीक्षणः** शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सेवा सञ्चालन गर्ने संस्थाले देहाय बमोजिमको लेखा परीक्षण गराउनु पर्नेछः-

(क) महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा लेखा राख्नु पर्नेछ।

(ख) प्रत्येक वर्ष आय-व्ययको विवरण अद्यावधिक गर्नुपर्नेछ,

(ग) मान्यता प्राप्त लेखापरीक्षकबाट वार्षिक लेखा परीक्षण गराउनु पर्नेछ ।

(घ) मन्त्रालयले माग गरेको जुनसुकै बखत संस्थाले आफ्नो आय-व्ययको विवरण उपलब्ध गराउनु पर्नेछ ।

१३. **निरीक्षण, अनुगमन र मूल्याङ्कनः** मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले यो निर्देशिका तथा प्रचलित ऐन नियमको अधीनमा रही आवश्यकता अनुसार संस्थाको गतिविधिको निरीक्षण, अनुगमन र मूल्याङ्कन देहायका आधारमा गर्नेछः

(क) संस्थाले प्रदान गर्ने सेवाको स्तर,

(ख) शुल्कको विवरण,

(ग) सेवाको प्रकृति,

(घ) आर्थिक एवम् अन्य विषयको पारदर्शिताको अवस्था,

(ङ) संस्थाको कार्यालयको नियमितता,

(च) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्ष।

## परिच्छेद - पाँच

## विविध

१४. **निर्देशन दिन सक्नेः** (१) प्रदेश सरकारले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सेवा सम्बन्धी कार्यलाई सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

(२) मन्त्रालयलाई आवश्यक भएको अवस्थामा अनुमति पत्र प्राप्त संस्था मार्फत् विदेशमा अध्ययन गर्न गएका विद्यार्थीका बारेमा तथा विदेशी शिक्षण संस्थासँग सम्बन्धित विषयमा नेपाल सरकार मार्फत् वैदेशिक कूटनीतिक

नियोग वा राजदुतावाससँग सूचना वा विवरण उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

१५. **<u>शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न सक्ने:</u>** शैक्षिक परामर्श व्यवसायी संघ वा महासंघ वा संस्थाले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको अनुमति लिई शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्न सक्नेछन्।

१६. **<u>अनुसूचीमा हेरफेर:</u>** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-२ बाहेकका अन्य अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

१७. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस निर्देशिकामा उल्लिखित विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **<u>निर्देशिकाको व्याख्या:</u>** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

अनुसूची - १

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

**अनुमति पत्रका लागि दिइने निवेदन**

श्री..........................मन्त्रालय,

गण्डकी प्रदेश, पोखरा, नेपाल ।

**विषयः** शैक्षिक परामर्श/पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्ने संस्था सञ्चालन गर्न अनुमति पत्र पाऊँ ।

महोदय,

मिति............................मा..............................................नामको कम्पनी ...................................... शैक्षिक परामर्श/पूर्व तयारी कक्षा/भाषा शिक्षण कार्य प्रदान गर्ने उद्देश्य राखी दर्ता भएको हो । शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा (............................)/ भाषा शिक्षण (............................) सञ्चालन गर्ने अनुमतिका लागि/अनुमति नवीकरणका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

निवेदकको

नाम, थरः.............................................

ठेगानाः ...............................................

सम्पर्क टेलिफोनः ...................................

इमेलः .................................................

संस्थाको नामः.......................................

**संलग्न कागजातहरूः**

(क) कम्पनीको स्वीकृत प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ख) सञ्चालकहरूको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN), मूल्य अभिवृद्धि कर (VAT)को प्रतिलिपि,

(घ) कम्तीमा दुई जना परामर्शदाताको प्रमाण-पत्र,

(ङ) कुनै पनि देशको कम्तीमा दुई वटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाण-पत्रको प्रतिलिपि ।

(च) कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

(छ) कम्पनी, संस्थाको नाममा खाता सञ्चालनमा रहेको सम्बन्धित बैंकको सिफारिस पत्र,

(ज) संस्थाले प्रदान गर्ने सुविधा, कार्य प्रक्रिया र लागत समेत खुलाएको विवरण,

(झ) भाषा एवम् पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण पत्रको प्रतिलिपि सहितको विवरण ।

अनुसूची – २

(दफा ३ को उपदफा (५) र दफा ७ को उपदफा (१) को खण्ड (ठ) सँग सम्बन्धित )

**धरौटी, अनुमति, नवीकरणको शुल्क विवरण**

| विवरण | धरौटी धरौटी वापत वुझाउनुपर्ने रकम (रु.) | अनुमति वापत बुझाउनु पर्ने रकम (रु.) | नवीकरण बापत बुझाउनु पर्ने रकम (रु.) |
|---|---|---|---|
| (क) शैक्षिक परामर्श र भाषा प्रशिक्षण गर्ने संस्थाका लागि धरौटी बापत बुझाउनु पर्ने रकम | १,५०,०००।- | १०,०००।- | ५,०००।- |
| (ख) ब्रिजकोर्स, कोचिङ ट्युशन विभिन्न प्रतियोगितात्मक परीक्षासँग सम्बन्धित कक्षा सञ्चालन गर्ने संस्थाका लागि | १,००,०००।- | ८,०००।- | ४,०००।- |

अनुसूची – ३

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>अनुमति पत्रको ढाँचा</u>**

**गण्डकी प्रदेश सरकार**

**........................ मन्त्रालय**

**पोखरा, नेपाल**

**<u>अनुमति पत्र</u>**

श्री ......................................................ले मिति .............................. मा दिएको निवेदन उपर कारवाही हुँदा स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीको सम्बन्धमा शैक्षिक परामर्श सेवा / पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्न पाउने गरी शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०८२ को दफा ४ को उपदफा (१) बमोजिम यो अनुमति पत्र प्रदान गरिएको छ ।यो अनुमति पत्रको म्याद आर्थिक वर्ष................सम्म र सो पश्चात् नवीकरण गरेको अवधिसम्म कायम रहनेछ ।

रजिष्ट्रेशन नं. ....................................

स्थायी लेखा नं. ..............................

अनुमति दिने अधिकारी

नाम, थरः ..........................

पदः...................................

मितिः ................................

**<u>नवीकरणको विवरण</u>**

| आर्थिक वर्ष | राजश्व दाखिला भौचर नं. र रकम | नवीकरण गर्नेको नाम र पद | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुमति पत्रको पछाडिको भागमा उल्लेख हुनुपर्ने कुराहरू

शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०८२ को दफा ७ को उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले निम्न शर्तहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछः-

(क) संस्थाको लागि छुट्टै कार्यालयको व्यवस्था हुनपर्नेछ,

(ख) संस्थाको वेभसाइट, ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनु पर्नेछ,

(ग) संस्थाले आफूलाई प्रदान गरेको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्नेछ,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्नेछ,

(ङ) नेपाली नागरिक बाहेक अरूलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रूपमा काम गराउनु पर्ने भए सोको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनुपर्नेछ ।

(च) सेवा शुल्क पूर्ण रूपमा पारदर्शी हुनुपर्नेछ,

(छ) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्नेछ,

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिनु र प्रकाशन एवम् प्रसारण नगर्ने,

(झ) अनुमति पत्र प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ञ) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा, वा भाषा शिक्षण संस्थामा मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ट) संस्थाको स्थायी लेखा नम्बर प्रमाण पत्र, संस्था दर्ता प्रमाण पत्र, संस्थाबाट गरिने सेवा, कार्य प्रक्रिया र लागत समेत खुलाई सबै कुरा स्पष्ट रूपमा देख्ने गरी कार्यालयमा राख्नुपर्ने,

(ठ) मन्त्रालयले निर्धारण गरे अनुसारको सेवा सञ्चालन अनुमति तथा नवीकरण बापतको सेवा दस्तुर तथा धरौटी बुझाउनु पर्नेछ, यस्तो धरौटी बापतको रकम संस्था आधिकारिक रूपमा बन्द भई सोको कागजात मन्त्रालयमा पेश गरेपछि नियमानुसार फिर्ता गरिनेछ ।

आज्ञाले,
नवराज ढकाल
प्रदेश सरकारको सचिव ।